# घोराही उपमहानगरपालिका शिक्षा,युवा तथा खेलकूद महाशाखा,दाङको जरूरी सूचना

शैक्षिक सत्र २०७६ मा यस उपमानगरपालिका क्षेत्र भित्र नयाँ विद्यालय खोल्न तथा तह वा कक्षा थप गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले तपसिलमा उल्लेखित कागजातहरुसहित तोकिएको ढाँचामा देहायको मिति भित्र यस महाशाखामा आवेदन दर्ता गर्नुहुन जानकारी गराइन्छ । साथै तोकिएको समय सीमा भित्र प्राप्त नभएको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## शैक्षिक सत्र २०७६ मा विद्यालयको कक्षा/तह थपका लागि पेश गर्नु पर्नेः

१. शै.सत्र सुरू हुनुभन्दा कम्तीमा २ महिना (२०७५ माघ मसान्त भित्र ) भित्रमा विव्यसको निर्णय सहितको तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्ने ।

२. विद्यालय वा थप कक्षा आवश्यक रहेको भन्ने सम्वन्धित वडा समितिको निर्णय सहितको वडा सिफारिस पत्र ।

३. शैक्षिक गुठी अन्तरगत भएमा विधान स्वीकृत गरिएको पत्रको प्रमाणित प्रतिलिपि र कम्पनी अन्तरगत भएमा कम्पनीको प्रमाण पत्र र प्रवन्ध पत्र तथा नियमावलीको प्रतिलिपि।(संस्थागतको हकमा )

४. संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कर वुझाएको विवरण ।

५. कक्षा/तह थप भएमा अघिल्लो कक्षा/तह थपको अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

६. शैक्षिक सत्र २०७५ को EMIS विवरण ।

७. शिक्षक/कर्मचारीको शैक्षिक योग्यताको प्रतिलिपिहरु ।

८. जग्गा/भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण र आफ्नै भवन भएमा विद्यालयको नामको लालपूर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि।

९. भाडामा भए वहाल कर तिरेको रसिद ।

१०. नजिकको २ वटा सामुदायिक विद्यालयहरुको विव्यसको निर्णय सहितको सक्कलै सहमति पत्र ।

११. नजिकको विद्यालयसँगको पैदल दुरी ३० मिनेट वा दुरी २ किमि भन्दा कम नभएको भनी सम्बन्धित वडा सिफारिस पत्र ।

१२. आगामी शैक्षिक सत्रको लागि अभिभावक भेलाको दुई तिहाइ वहुमतले पारित प्रस्तावित शुल्क विवरणको प्रमाणित प्रतिलिपि ।

१३. कम्तिमा ३ वर्ष निजी स्रोतबाट सन्चालन गर्ने विव्यसको प्रतिवद्धता (सामुदायिकको हकमा मात्र )।

१४. प्रस्तावित विद्यालयको शैक्षिक नक्सा ।

१५. चालु शैक्षिक सत्रको लागि वितरण गरिएको छात्रवृत्तिको विवरण ।

१६. विद्यालयमा भएको पुस्तक,पाठ्यक्रमको विवरण र विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्वारा सूचीकृत पाठ्यपुस्तकको विवरण।

१७. विद्यालयको नाममा विद्यार्थी आवत जावत गर्न प्रयोग गर्ने सवारी साधन भए सोको रङ र नाम देखिने गरी खिचेको सवारी साधनको फोटो ।

१८. शिक्षक नियुक्ति पत्र,निजहरुको नागरिकता,योग्यता ,अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

१९. शिक्षक कर्मचारीको सेवा सुविधा सम्वन्धी विनियमावली ।

२०. विद्यालयको खर्च व्यहोर्ने स्रोतको व्यवस्थाको विवरण ।

२१. गत आवको लेखा परीक्षणको प्रतिवेदन र विद्यालयको सन्चालन गर्ने गुठी/कम्पनीको स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२२. अनुमति पूर्व विद्यालय सन्चालन र अनुमति नपाएको थप कक्षा सन्चालन नगरेको र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा विद्यालयको सहमति रहेको पत्र र सो अनुसारको विव्यसको निर्णयको प्रमाणित प्रतिलिपि ।

२३. निवेदन दस्तुर ।(फिर्ता नहुने गरी प्रावि एक हजार/ आवि एक हजार/ मावि २ हजार)

२४. निरीक्षण प्रतिवेदन ।

<u>अनुमति लिने समयमा पेश गर्नु पर्ने कागजातहरुः</u>

१. संस्थागतको हकमा ने.बै. लि./रा.बा.लि./कृ.वि.वै. मध्ये कुनै एकमा माविको हकमा २ लाख /आविका लागि १ लाख ५० हजार र प्राविको लागि ५० हजार सुरक्षण धरौटी रकम राखिएको मुद्दती कार्डको प्रमाणित प्रतिलिपि ।

२. अनुमतिको लागि प्राविको १५ हजार, आविको २० हजार र माविको २५ हजार अनुमति दस्तुर ।( संस्थागतको हकमा मात्र) (घोराही उपमहानगरपालिकाको ने.बै.लि. मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३०००००००५००९००३ मा रकम जम्मा गरेको भौचर)

नोटः सम्बन्धित कार्यालयबाट हुने निरीक्षणको क्रममा उल्लेखित सवै कागजातहरु देखाउनु पर्नेछ ।

शैक्षिक सत्र २०७६ मा नयाँ विद्यालय सञ्चालन तथा खोल्न निवेदन साथ पेश गर्नु पर्नेः

१.शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा ३ महिना (२०७५ पौष मसान्त भित्र) अगाडि विव्यसको निर्णय सहितको तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्ने ।

२.विद्यालय खोल्नु पर्ने सम्बन्धमा सम्वन्धित वडा समितिको निर्णय सहितको वडा सिफारिस पत्र ।

३.शैक्षिक गुठी को विधान स्वीकृत गरिएको पत्र र विधानको प्रमाणित प्रतिलिपि । (संस्थागतको हकमा )

४.जग्गा/भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण र आफ्नै भवन भएमा विद्यालयको नामको लालपूर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि।

५.विद्यालयको सन्चालन गर्ने गुठीको स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

६.संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कर वुझाएको विवरण ।

७.नजिकका २ वटा सामुदायिक विद्यालयहरुको विव्यसको निर्णयसहितको सक्कलै सहमति पत्र ।

८.नजिकको विद्यालयसँगको पैदल दुरी ३० मिनेट वा दुरी २ किमि भन्दा कम नभएको भनी सम्बन्धित वडा सिफारिस पत्र ।

९.प्रस्तावित शुल्क विवरण तथा सेवा विवरण।

१०. प्रस्तावित विद्यालयको शैक्षिक नक्सा ।

११. निवेदन दस्तुर वुझाएको रसिद ।(फिर्ता नहुने गरी प्रावि एक हजार /आवि एक हजार /मावि २ हजार )

१२. सेवामूलक रुपमा सन्चालन गर्ने प्रतिवद्धता पत्र ।

१३. विद्यालयको खर्च व्यहोर्ने स्रोतको व्यवस्थाको विवरण ।

१४. अनुमति पूर्व विद्यालय सन्चालन नगरेको र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा गुठीको सहमति रहेको पत्र र सो अनुसारको निर्णयको प्रमाणित प्रतिलिपि ।

१५. निरीक्षण प्रतिवेदन ।

नोटः शैक्षिक गुठी अन्तरगत विद्यालय सन्चालन गर्न चाहनेले शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा ३ महिना अगाडि शैक्षिक गुठी सम्बन्धी विधान वनाइ उपमहानगरपालिकामा स्वीकृतको लागि पेश गर्नु पर्नेछ ।

अनुमति लिने समयमा पेश गर्नु पर्ने कागजातहरुः

१.संस्थागतको हकमा ने.बै. लि./रा.बा.लि./कृ.वि.वै. मध्ये कुनै एकमा माविको हकमा २ लाख /आविका लागि १ लाख ५० हजार र प्राविको लागि ५० हजार सुरक्षण धरौटी रकम राखिएको मुद्दती कार्डको प्रमाणित प्रतिलिपि ।

२.अनुमतिको लागि प्राविको १५ हजार, आविको २० हजार र माविको २५ हजार अनुमति दस्तुर ।( संस्थागतको हकमा मात्र) (घोराही उपमहानगरपालिकाको ने.बै.लि. मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३०००००००५००९००३ मा रकम जम्मा गरेको भौचर)

३.शिक्षक नियुक्ति पत्र,निजहरुको नागरिकता,योग्यता,अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

४.विद्यालयमा भएको पुस्तक,पाठ्यक्रमको विवरण र विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्वारा सूचीकृत पाठ्यपुस्तकको विवरण।

५.शिक्षक कर्मचारीको सेवा सुविधा सम्वन्धी विनियमावली ।

नोटः सम्बन्धित कार्यालयबाट हुने निरीक्षणको क्रममा उल्लेखित सवै कागजातहरु देखाउनु पर्नेछ ।

नयाँ मन्टेश्वरी/पूर्वप्राथमिक विद्यालय सन्चालनको लागि पेश गर्नु पर्ने कागजातहरु:

१. शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा २ महिना ( २०७५ माघ मसान्त ) भित्रमा तोकिएको ढाँचामा निवेदन ।

२. सञ्चालकहरुको नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. शैक्षिक गुठीको स्वीकृत विधान। (निजीको हकमा )

४. शैक्षिक गुठी /संस्था दर्ताको प्रमाणित प्रतिलिपि र कर वुझाएको विवरण ।

५. प्रस्तावित सेवा र विभिन्न प्रकारका शीर्षकगत शुल्कको विवरण ।

६. जग्गा/भाडामा भए कम्तीमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण तथा आफ्नै भवन भएमा संस्थाको नामको लालपूर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि।

७. नजिकको कम्तीमा २ वटा सामुदायिक शैक्षिक संस्था/विद्यालयहरुको विव्यसको निर्णयसहितको सक्कलै सहमति पत्र ।

८. नजिकको विद्यालयसँगको पैदल दुरी १५ मिनेट वा दुरी १ किमि भन्दा कम नभएको भनी सम्बन्धित वडा सिफारिस पत्र ।

९. खोल्न उपयुक्त रहेको भनी सम्बन्धित वडा समितिको सिफारिस सहितको वडा सिफारिस पत्र ।

१०. खर्च व्यवस्थापनको स्रोत ।

११. प्रस्तावित विद्यालय/संस्थाको शैक्षिक नक्सा ।

१२. निवेदन दस्तुर वुझाएको रसिद ।(फिर्ता नहुने गरी एक हजार )

१३. निरीक्षण प्रतिवेदन ।

१४. अनुमति पूर्व विद्यालय/मन्टेश्वरी सन्चालन नगरेको र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा संस्थाको सहमति रहेको पत्र र सो अनुसारको निर्णयको प्रमाणित प्रतिलिपि ।

अनुमतिको समयमा पेश गर्नु पर्ने कागजातहरु:

१. रू १५ हजार अनुमति शुल्क रसिद ।(घोराही उपमहानगरपालिकाको ने.बै.लि. मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३०००००००००५००९००३ मा रकम जम्मा गरेको भौचर)

२. शिक्षक कर्मचारी सम्बन्धी संस्थाको विनियमावलीको प्रमाणित प्रतिलिपि ।

३. सहजकर्ता तथा शिक्षकहरुको शैक्षिक योग्यता/नागरिकताको प्रमाणपत्र/तालिमको प्रमाणित प्रतिलिपिहरु ।

४. व्यवस्थापन समितिको पदाधिकारीहरुको विवरण।

५. केन्द्र/विद्यालयमा रहेको कम्प्यूटर/पुस्तकालय तथा ICT को सामग्रीहरूको विवरण ।

नोटः

१. शैक्षिक गुठीको विधान शैक्षिक सत्र सुरू हुनु भन्दा कम्तिमा ३ महिना अगाडि स्वीकृतिको लागि उपमहानगरमा पेश गर्नु पर्नेछ ।)

२. सम्बन्धित कार्यालयबाट हुने निरीक्षणको क्रममा उल्लेखित सवै कागजातहरु देखाउनु पर्नेछ ।